नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग
(मानव संशाधन तथा आन्तरिक व्यवस्थापन शाखा)
सानोठिमी भक्तपुर

प.सं.: २.०१/२०७४/७५
च.नं.: १३६

मितिः-२०७४।०८।२६

विषयः- कार्यान्वयन गर्ने बारे ।

श्री जिल्ला शिक्षा कार्यालयहरु
सवै ।

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ दफा ११ को उपदफा २ को खण्ड ज बमोजिम आधारभूत र माध्यमिक शिक्षा सम्बन्धि देहायका विषयहरु महानगरपालिका, नगरपालिका र गाँउपालिकाको कार्यक्षेत्र भित्र पर्ने भएको हुँदा त्यस जिल्ला भित्रका महानगरपालिका, नगरपालिका वा गाँउपालिकाबाट कार्यसम्पादन हुँदा ऐनको दफा १२० समेत विचार गरी स्थानीय तहलाई आवश्यक सहयोग, समन्वय र सहजकिरण गर्नुहुन निर्णयानुसार अनुरोध छ ।

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड ज मा आधारभूत र माध्यमिक शिक्षा, सम्बन्धि विषय ।**

(१) प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा बैकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यानवयन, अनुगमन, मूल्याकंन र नियमन,
(२) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,
(३) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, सञ्चालन अनुमति, अनुगमन, मूल्याकंन र नियमन,
(४) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,
(५) गाभिएका वा बन्द गरिएका विद्यालयहरुको सम्पत्ति व्यवस्थापन,
(६) गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,
(७) विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
(८) विद्यालयको नामाकरण,
(९) सामुदायिक विद्यालयको जग्गाको स्वामितव, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,
(१०) विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामाग्रीको वितरण ,
(११) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दि मिलान,
(१२) विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृती, समायोजन तथा नियमन,
(१३) सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
(१४) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,

नेपाल सरकार
शिक्षा मन्त्रालय
**शिक्षा विभाग**
(मानव संशाधन तथा आन्तरिक व्यवस्थापन शाखा)
सानोठिमी, भक्तपुर

**प.सं.:** २.०१/२०७४/७५
**च.नं.:**

(१५) विद्यार्थी सिकाई उपलब्धिको परीक्षण र व्यवस्थापन,
(१६) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
(१७) टयूसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
(१८) स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,
(१९) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन
(२०)) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
(२१) सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आयव्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
(२२) शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,
(२३) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

**पदमसिंह विष्ट**
**उपनिर्देशक**

बोधार्थ
श्री शिक्षा मन्त्रालय,
सिंहदरवार काठमाण्डौ ।
श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
सिहंदरबार, काठमाडौं ।
श्री क्षेत्रीय शिक्षा निर्देशनालयहरु
सबै ।